बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची - १**

**बुदा नं १२.२ सँग सम्बन्धित**

बैठक संख्याः ६९

मितिः २०७८/०७/२८

अध्यक्षताः श्री वीर बहादुर घर्ती

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री वीर बहादुर घर्ति | अध्यक्ष |
| २. | श्री रामकिरणी रोकामगर | उपाध्यक्ष |
| ३. | श्री विष्णु प्रसाद पाण्डेय | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री जनक बहादुर बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री वसन्त रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री भिम बहादुर रोका | ३ नं वडा अध्यक्ष |
| ७. | श्री उदिम घर्ति | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री जुरमुखी रोका | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री धन कुमारी रोका | कार्यपालिका सदस्य |
| १३. | श्री रामकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री नर रावत | प्रशासन छैठौं |
| २. | श्री भिमसेन बुढा मगर | सूचना अधिकारी |
| ३. | श्री निर्धक रोकामगर | कार्यलय सहयोगी |
| ४. | मिना रोका | इन्जिनियर |

**प्रस्तावः**

१. नयाँ प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा।

२. जलजला धार्मिक स्थल भाडामा दिने सम्बन्धमा।

३. योजनाहरु सम्बन्धमा।

४. वडा नं ३ कार्यालयको वडा सचिव सम्बन्धमा।

५. घर जग्गा अभिलेखिकरणको दरखास्त फारम संशोधन सम्बन्धमा।

६. थबाङ गीतको सम्बन्धमा।

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा नयाँ प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद पाण्डेय ज्युलाई परिचय आदान प्रदान गरी थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्वागत गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा धार्मिक स्थल जलजलामा आवगमन गर्ने भक्तजनहरुको बासस्थानमा समस्या रहेकोले बासस्थान व्यवस्थापनका लागि जलजला धार्मिक छेत्र वरिपरीको जमिन वार्षिक न्यूनतम रु १,५०,०००/-(अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) नघट्ने गरी १० वर्ष अवधिसम्म लिजमा दिने र उक्त धार्मिक छेत्र वरिपरीको भूगोल अध्ययन गरी प्रतिवेदन १५ दिन भित्र पेश गर्न वडा नं २ अध्यक्ष श्री वसन्त रोकाको संयोजकत्वमा तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १. | श्री वसन्त रोका, वडा नं २ अध्यक्ष | -संयोजक |
| २. | श्री राम कुमार बुढा, वडा नं ३ मिरुल | -सदस्य |
| ३. | श्री बुद्धि बहादुर घर्ती, वडा नं ५ सदस्य | -सदस्य |
| ४. | श्री चन्द्र प्रकाश ओली, सव-इन्जिनियर | -सदस्य |
| ५. | श्री नर रावत, प्रशासन छैठौँ | -सदस्य-सचिव |

प्रस्ताव नं ३ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरुलाई तपशिल बमोजिमका योजनाहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. सुर्जुबांग तेलखोला, पुस्बांग लगन्जा झो.पु., लाकुरी बोट, दुमै खोला,वाङ खोला झो.पु वडा नं ३, उवा बेशी झो.पु., मलागिरी लुङचान झो.पु ,बेसी ट्रस, थवाङ गाउँपालिका, रोल्पा शिर्षकमा रहेको ६८ लाख रुपैया वेशी ट्रस उवाको रु ६९,०००(अक्षरुपी उन्सत्तरी हजार) सोधभर्ना गर्ने र रु ६०,००,०००/-(अक्षरुपी साठ्ठी लाख रुपैया मात्र) रकम लाकुरी बोट झोलुङ्गे पुल निर्माण गर्ने ।
२. थबाङ ठूलोगाउँ फोहोरमैला व्यवस्थापन शिर्षकमा रहेको रु १,२५,००,०००/-(अक्षरूपी एक करोड पच्चिस लाख रुपैया मात्र) रिखोला बधशाला निर्माण, डम्पिङ साइट र सवदाह, तथा ढल निर्माण गर्ने ।

साथै गाउँपालिकाको समपुरक कोष शिर्षकबाट रु २१,५०,०००/- (भ्याट सहित)(अक्षरुपी एक्काइस लाख पचास हजार रुपैया मात्र) गत आर्थिक वर्षको समपुरक आयोजनाको तेलखोला भङरङ ग्रामिण सडकमा सोधभर्ना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा वडा नं ३ कार्यालयको वडा सचिवको जिम्मेवारी अर्को व्यवस्था नभएसम्मका लागि तहाँ कार्यालयमा कार्यरत असिस्टेन्ट सव-इन्जिनियर श्री प्रविण थापालाई दिने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा घर जग्गा अभिलेखिकरणको दरखास्त फारमको नक्सापासको लागि १५ दिने सूचना टाँस गरेको मुचुल्काको रोहवरमा वस्ने कर्मचारीमा थबाङ गाउँ कार्यपालिकाको कार्यालयबाट खटाइएको कर्मचारी वा वडा कार्यालयको स्थायी कर्मचारीले रोहवरमा बस्ने मिल्ने गरि संशोधन गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा प्यारो थबाङ गाउँका गीतको म्युजिक भिडियो निर्मातालाई यस गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न भूमिका निर्वाह गरेकोले नियम अनुसार गाउँपालिकाको भैइपरी आउने खर्च शिर्षकबाट रु ५०,०००/-(अक्षरुपी पचास हजार रूपैयामात्र) व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।